बालमैत्री स्थानीय शासनको अवधारणा

Concept of
Child Friendly Local Government

कानून तथा नीतिगत व्यवस्था

- नेपालको संविधान, २०७२ (धारा ३९मा १० उपधाराको व्यवस्था)
- बाल अधिकार सम्बन्धी महासन्धि (CRC) १९८९
- स्थानीय स्वायत्त शासन ऐन, २०५५
- बालबालिकासम्बन्धी ऐन, २०४८
- बालवालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९
- बालश्रम (निषेध र नियमित) ऐन, २०५६
- चौधौं आवधिक योजना (२०७३/७४–२०७५/७६)
- दिगो विकासका लक्ष्यहरु (२०१६ — २०३०)

बालमैत्री स्थानीय शासन के हो ?

बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तह को नीति, संरचना, प्रणाली र कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति

अन्तरपुस्ता बाल गरीबीको कुचक्र

गरीब परिवारमा जन्मेको बालक

मानव सम्पत्तिको रुपमा कम लगानी प्राप्त

असक्तताको तथा मानसिक रुपमा कमजोर हुने प्रवल सम्भावना

कमजोर स्वस्थय,शिक्षा प्राप्ति

न्यून उत्पादकत्व तथा अवसरहरु

बेरोजगारी अथवा, अदक्ष काम, कम कमाइ को सम्भावना

आर्को पुस्ता पनि गरीब

अनि हामीलाई यो पनि थाहा छ

- गर्भमा बच्चा रहेको समयमा ३० प्रतिशत विकास हुने रहेछ ।
- पहिलो वर्षमा थप २५ प्रतिशत विकास हुने रहेछ ।
- दोस्रो वर्षमा थप २५ प्रतिशत विकास हुने रहेछ ।
- ५ वर्षसम्म थप १० प्रतिशत विकास हुने रहेछ ।
- ५ वर्षसम्म थप १० प्रतिशत विकास हुने रहेछ ।

बालमैत्री स्थानीय शासन

नीति संरचना





बालबालिकाको लागि योजना

स्थानीय निकायको कूल पूजिगत बजेटको १० देखि १५ प्रतिशत सम्म

?



संरचनागत व्यवस्था

बजेट व्यवस्था

बाल सहभागिता

बालमैत्री स्थानीय शासन



बालमैत्री स्थानीय शासनको लक्ष्य

- बालमैत्री स्थानीय शासनको प्रवर्द्धन,
- बालबालिकाको लागि आवश्यक सेवाको उपलब्धता,
- गुणस्तरमा उल्लेखनीय सुधार,
- सेवाको सुनिश्चतता

बालमैत्री स्थानीय शासनको उद्देश्य

- बालअधिकारका सवालहरु
- स्थानीय शासन प्रक्रियामा संस्थागत
- सेवाको सुनिश्चतता

बालमैत्री स्थानीय शासनको संस्थागत संरचना



बालमैत्री स्थानीय शास बालमैत्री स्थानीय शासनका तहगत खुड्किलाहरु

(१) बालमैत्री स्थानीय शासनको अवधारणाको अभिमुखीकरण, विकास तथा विस्तार ।

(२) बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि जिल्ला, नगर तथा गाउँ समितिको गठन ।

(३) बालमैत्री नीति, रणनीति तयारीको लागि कार्ययोजना तर्जुमा ।

(४) जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकामा बालमैत्री स्थानीय शासन सम्पर्क इकाई वा शाखाको संस्थागत प्रवन्ध ।

(५) निश्चित सूचक/मापदण्डका आधारमा नगरपालिकाको वडा र गाँउपालिकाको छनौट ।

(६) बालबालिकाको वस्तुगत विवरण तयारी ।

(७) बालकोष को स्थापना ।

(८) बाल क्लब तथा सामुदायिक संस्थाहरुको गठन, विकास र परिचालन ।

(९) सरोकारवालाहरुको पहिचान, समन्वय र संजाल निर्माण ।

(१०) सरोकारबालाहरुबाट बालमैत्री स्थानीय शासन संचालनको प्रतिबद्धता घोषणा ।

(११) आवधिक र वार्षिक योजना तर्जुमा, लगानीको सुनिश्चितता र योजना कार्यान्वयन

(१२) बालबालिकाको स्थितिपत्र (Status Paper) तर्जुमा र सार्वजनिकीकरण ।

(१३) अनुगमन, समीक्षा र मूल्याङ्कन ।

(१४) स्थानीय तहको सभाबाट निश्चित रकम बालबालिकाको क्षेत्रमा खर्च गर्ने प्रतिवद्धता सहितको सभाको निर्णय ।

(१५) बालमैत्री स्थानीय शासनको न्यूनतम सेवा सूचकको निर्धारण ।

(१६) बालमैत्री गाउँ, नगर र जिल्लाको घोषणा र यसको निरन्तरता.

वालमैत्री स्थानीय शासन न्यूनतम सुचकहरु

- संस्थागत विकास सम्बन्धी सूचकहरु १२
- सेवा प्रवाहसम्बन्धी सूचकहरु २७

संस्थागत विकास सम्बन्धी सूचकहरु

कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकाय
स्थानीय तह ?!

सेवा प्रवाहसम्बन्धी सूचकहरु

- बाल बचाउ
- बाल विकास
- बाल संरक्षण
- बाल सहभागिता

स्थानीय तह, प्रदेश सरकार र संघीय सरकार बीचको कार्यगत सम्वन्ध र बालमैत्री स्थानीय शासन

संघीय प्रणाली संचालन



संघीय व्यवस्था संचालन पद्दति

(Federalism Operation System)



स्वशासन, सहकार्य, अन्तरसम्बन्ध, स्वयत्तता तथा ठाडो र तर्सो समन्वय

५. संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध

- संघको अधिकार अनुसूची -५ मा उल्लिखित विषयमा निहीत रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र संघीय कानून बमोजिम हुने [**धारा ५७**(१)]
- प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानून बमोजिम हुने **[५७ (२)]**
- संघ र प्रदेशको साझा अधिकार अनुसूची-७ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान, संघीय कानून र प्रदेश कानून बमोजिम हुने **[धारा ५७ (३)]**
- स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुने **[धारा ५७ (४)]**
- संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र संघीय कानून, प्रदेश कानून र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुने **[धारा ५७ (५)]**

५. संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध क्रमश:........

- संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने, [**धारा ५९ (१)**]

- संघले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानून बनाउन सक्ने [**धारा ५९ (२)**]

- संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक श्रोतको प्रयोग र विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने [**धारा ५९(४)**]
- संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुने [**धारा ५९(७)**]
- प्रत्येक तहले आफ्नो आर्थिक अधिकार क्षेत्रको विषयमा कर लगाउन र राजश्व उठान सक्ने [**धारा ६०(१)**]
- नेपाल सरकारले संकलन गरेको राजश्व संघ, प्रदेश र स्थानीय तहमा न्यायोचित वितरण गर्ने व्यवस्था मिलाइने [**धारा ६०(२)**]

- प्रदेश सरकारले स्थानीय तहलाई नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो श्रोतको राजश्व बाट वित्तिय समानीकरण अनुदान दिने । [**धारा ६०(४)**]

५. संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध

क्रमश:.......

- स्थानीय तहलाई संघीय कानून बमोजिम निशर्त, सशर्त, समपूरक र विशेष अनुदान दिइने [**धारा ६०**(**६**)]
- गाउपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख राष्ट्रिय सभा सदस्यको निर्वाचक मण्डलमा रहने [**धारा ८६**(**२**) (**क**)]
- स्थानीय तहको कार्यकारीणी अधिकार गाउपालिका र नगरपालिकामा व्यवस्थापिका अधिकार गाउ सभा र नगरसभाका, विवाद निरुपण सम्बन्धी अधिकार सम्बन्धित न्यायिक समितिमा रहने [**धारा २१७**(**१**)]
- संघीय कानून नेपालभर वा आवश्यकता अनुसार नेपालको कुनै क्षेत्रमा मात्र लागु हुने गरी बनाउन सकिने ।[**धारा २३१**(**१**)]
- प्रदेश कानून प्रदेशभर वा आवश्यकता अनुसार प्रदेशको कुनै क्षेत्रमा मात्र लागु हुने गरी बनाउन सकिने [**धारा २३१**(**२**)]
- दुई वा दुई भन्दा बढी प्रदेशले अनुसूची-६ बमोजिम प्रदेशको अधिकार क्षेत्रको कुनै बिषयमा कानून बनाउन नेपाल सरकार समक्ष अनुरोध गरेमा संघीय संसदले आवश्यक कानून निर्माण गरिदिने र उक्त कानून सम्बन्धित प्रदेशमा लागु हुने [**धारा २३१**(**३**)]

५. संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध क्रमश:.......

- संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने [**धारा २३२**(**१**)]
- राष्ट्रिय महत्वका विषयमा र प्रदेशहरूबीच समन्वय गर्नुपर्ने विषयमा नेपाल सरकारले प्रदेश मन्त्रिपरिषद्लाई निर्देशन दिन सक्ने [**धारा २३२**(**२**)]
- नेपाल सरकारले आफैं वा प्रदेश सरकार मार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई यो संविधान र संघीय कानून बमोजिम आवश्यक सहयोग गर्न निर्देशन दिन सक्ने [**धारा २३२**(**८**)]
- संघ, प्रदेश र स्थानीय तह बीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानून बनाउने [**धारा २३५**(**१**)]
- प्रदेश, गाउँपालिका वा नगरपालिका बीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्ने [**धारा २३५**(**२**)]
- अन्तर प्रदेश तथा स्थानीय तहबीच व्यापार ब्यवसायमा कुनै अवरोध वा भेदभाव गर्न नपाइने [**धारा २३६**]

५. संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध **क्रमश:.......**

- प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोगको सिफारिस बमोजिम हुने [**धारा २५१**(**१**)]
- एक तहले अर्को तहको कानूनी व्यवस्था, न्यायिक एवं प्रशासनिक निर्णय र आदेश कार्यान्वयनमा सहयोग गर्नुपर्ने ।
- सरकारका तहहरुबीच साझा चासो, सरोकार वा हितका बिषयमा सहयोग, समन्वय र सूचना प्रवाह गर्न सकिने । कानून बमोजिमको सुरक्षा, व्यवहार र सुविधामा नागरिकहरु बीच विभेद नहुने ।
- प्रदेश मन्त्रिपरिषद्, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र संचालन गर्न सक्ने [**धारा २८५**(**३**)]
- गाउँ सभा र नगर सभाको सञ्चालन, वैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने [**धारा २२७**]

६. स्थानीय तह र अन्य निकायहरु बीचको अन्तरसम्बन्ध

- संघ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित
- प्रतेक तहका सरकारको कार्यजिम्मेवारी
- अनुसूची ५,६,७,८ र ९ मा सबै अधिकार, एकल र साझा समेत ११८ रहेको
- त्यसलाई विस्तृतिकरण गरी संघको ८७३ प्रदेशको ५६६ र स्थानीय तहको ३५७ गरि जम्मा १७९६ कार्य र कृयाकलाप पहिचान
- स्थानीय सरकारहरुले संविधानबमोजिम विधायिकि,कार्यकारिणि र न्यायिक अधिकार समेत प्राप्त
- कानुनद्वारानै बिभिन्न विषयमा समन्वय गर्न संस्थागत संयन्त्र समेत गठन गरेकोले समन्वय अपरियार्य

७. जिल्ला सभा र जिल्ला समन्वय समिति को भूमिका

- धारा २२० बमोजिम जिल्ला सभा र जिल्ला समन्वय समितिको गठन र काम कर्तव्य, र अधिकारको व्यवस्था, जिल्ला सभालाई स्थानीय तहमा राखिएको भएतापनि अनुसूचीमा जिल्ला सभाको कार्य विवरण र जिम्मेवारीमा समावेश नभएको
- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने र विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन गर्ने र सोको अनुगमन गर्ने ।
- जिल्ला भित्रका संघीय र प्रादेशिक सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने एवं प्रदेश कानुन बमोजिम अन्य कार्य गर्ने ।
- यसबाहेक अन्य व्यवस्था संघीय, प्रादेशिक तथा स्थानीय तहका तत-तत निकायका कानुन द्वारा व्यवस्थित गरिने र आफ्नो कानुन आफै वनाउन सक्ने व्यवस्था गरेको ले समन्वयको संयन्त्र पनि व्यवस्थित गर्न सक्ने हुनाले प्रदेश र सथानीय सरकारको ढाँचा कानुन द्वारा व्यवस्थित गर्नु पर्ने

बालमैत्री स्थानीय शासन

- प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने,
- प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीच उठ्न सक्ने संभावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने ।

बालमैत्री स्थानीय शासन

- संघीय संरचनामा जादा बालमैत्री स्थानीय शासनको हालको अवधारणामा कुनै परिवर्तन हुनेछैन
- संघीय संरचना अनुसार नेपाल सरकारले राष्ट्रिय रणनीति २०६८ मा आवश्यक परिमार्जन गर्नेछ
- बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधिमा सुधार हुनेछ
- यस रणनीति र कार्यविधिमा स्थानीय तहले सामान्य परिमार्जन गर्न सक्नेछ
- बालमैत्री स्थानीय निकाय घोषणा कार्यविधि परिमार्जन हुनेछ ।

बालमैत्री स्थानीय शासनमा मुख्य परिमार्जन के

- तहगत खुड्किलाहरुमा सुधार (स्पष्टता कायम गर्ने)
- सूचकहरुमा सुधार हुने (परिमार्जन, मिलान, थप)
- बालमैत्री स्थानीय शासन समितिमा थप सुधार (प्रदेश समिति र वडा समिति थप हुने, अन्य समितिहरुमा सामान्य सुधार हुने)
- बजेट विनियोजन (न्यूनतम् १५ प्रतिशतको सीमालाई कायम गर्न प्रयास रहने)
- अनुगमन, प्रतिवेदन प्रणालीमा परिमार्जन (जिल्ला समन्वय समिति, प्रदेश सरकारको भूमिका)
- विषयगत निकाय (स्थानीय तहका शाखाहरु) को सहयोगमा थप सुधार हुने

बालमैत्री स्थानीय शासनमा मुख्य परिमार्जन के

- बाल भेला यथावत रहने
- स्थानीय तहका संरचनामा परिवर्तन भए संगै बालसहभागितका संरचनाहरु समेत परिमार्जन हुने
- स्थानीय शासन ऐनमा भएको व्यवस्थाले गर्दा जनप्रतिनिधिको भूमिका प्रभावकारी रहने
- विकास साझेदार र गैससले स्थानीय तहसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्दा समन्वय र सहयोग वृद्धि हुने
- नेतृत्व जनप्रतिनिधिको कार्यान्वयन कर्मचारी (सरकारी, गैर सरकारी)

धन्यवाद